छलफल तथा निर्णयहरु

१. आयोगको मिति २०७४।०४।२२ को निर्णय अनुसार आयोगबाट निर्धारित तत्काल सुधारसम्वन्धी कार्यहरुको हालसम्म भएको प्रगतिको समिक्षा गरियो । उक्त कार्यहरु निर्दिष्ट समयभित्र सम्पन्न गर्न सम्वन्धित पदाधिकारी तथा सचिवालयलाई निर्देशन दिने ।

२. कृषि, वन तथा स्थानीय विकास महाशाखाबाट पेश हुन आएको "दीगो सहरी विकास सूचकाङ्क मापन सम्वन्धी निर्देशिका र कार्यविधि तर्जुमा तथा कुनै एक स्थानीय तहको दीगो विकास सूचकाङ्क मापन" विषयक परामर्श कार्यका लागि तयार गरिएको कार्य क्षेत्रगत शर्त (Terms of Reference) बमोजिम अध्ययन कार्य अघि बढाउने ।

३. सन् २००८ देखि सार्क सदस्य राष्ट्रहरुको सहभागितामा प्रत्येक वर्ष आयोजना हुँदै आएको क्षेत्रीय विकास, आर्थिक एकीकरण तथा सहयोगका सम्भावनाहरुलाई अभिवृद्धि गर्ने साझा मञ्चका रुपमा रहेको दक्षिण एसिया आर्थिक सम्मेलन (South Asia Economic Summit – SAES) को दशौं संस्करण काठमाडौंमा १४-१६ नोभेम्वर, २०१७ मा राष्ट्रिय योजना आयोगले आयोजना गर्ने सन्दर्भमा नेपाल लगायत अन्य सदस्य राष्ट्रहरुबाट मन्त्रीस्तरका, उच्चपदस्थ सरकारी कर्मचारीहरु र गैरसरकारी तथा निजीक्षेत्रका विशिष्ट एवं विज्ञ सहित करिब १५०-२०० जना सहभागीहुने सार्कक्षेत्रीयस्तरको कार्यक्रम भएको हुँदा कार्यक्रम आयोजनास्थलको उपलब्धता, आवास एवं खानपान लगायत व्यवस्थापकीय दृष्टिले हायात् रिजेन्सी काठमाडौं उपयुक्त हुनेहुँदा सो स्थानमा गर्ने।

सो सम्मेलनका सहभागीहरुमध्ये मन्त्रीस्तरका प्रतिनिधिहरुलाई वाणिज्य मन्त्रालयबाट, सरकारी प्रतिनिधिहरुलाई राष्ट्रिय योजना आयोगको सचिवालयबाट र गैरसरकारी, नागरिक समाज तथा निजी क्षेत्रका प्रतिनिधिहरुलाई South Asia Watch on Trade, Economic and Environment (SAWTEE) बाट निमन्त्रणा पत्र पठाउने । साथै, सम्मेलनमा सहभागीहुने विदेशी प्रतिनिधिहरुको भ्रमण खर्चका सम्वन्धमा भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७२ बमोजिम मन्त्रीस्तरका प्रतिनिधिहरुलाई विजिनेसक्लास र अन्यका हकमा इकोनोमी क्लासको हवाइटिकट वा सो बापत लागेको खर्च सोधभर्ना दिने मध्ये जुन प्रकृया उपयुक्त हुन्छ सो अनुसार खर्च व्यवस्थापन गर्ने ।